नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७६/७७

## प्रेस विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाइ नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी **श्री उमेश कुमार ढकालज्यूको** अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञसी मार्फत जानकारी गराइएको छ ।

छलफल तथा निर्णयहरु :-

१. COVID-19 Crisis Management Center छाउनी, काठमाण्डौंको प्रेस विज्ञसि नं.४५ मिति २०७७/०३/२३ गतेको प्राप्त विज्ञसी अनुसार विदेशमा अलपत्र परेका स्वदेश आउनै पर्ने नेपाली नागरिकहरु साउदी अरब, मलेसिया, कुवेत र UAE बाट सुरक्षित साथ काठमाण्डौं आइपुगेका वागमती प्रदेश अन्तर्गत यस जिल्लामा आउने नागरिकहरुलाई सम्पर्क उप-समिति मार्फत काठमाण्डौंबाट ल्याई तत् तत् स्थानीय तहहरुले व्यवस्थापन गरेका क्वारेन्टाइनमा बस्ने व्यवस्था गर्ने/गराउने ।

२. कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी, काठमाण्डौंको प.सं. २०७६/७७/९४ मिति २०७७/०३/२३ गतेको प्राप्त पत्रानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गुणस्तर मापन तथा नियमन महाशाखाबाट कोभिड-१९ रोगको उपचारको लागि Hospital Preparedness अन्तर्गत देशभरका स्वास्थ्य संस्थाहरुको विवरण परिशिष्ट 'क' बमोजिमको ढाँचामा पढाउने भनी लेखि आएकोमा यस जिल्लामा रहेका त्यस्ता स्वास्थ्य संस्थाहरुको विवरण तोकिएको ढाँचामा केन्द्रमा पठाउने ।

३. सिन्धुपाल्चोक जिल्ला बाह्रविसे न.पा. वडा नं. ८, मानेश्वारा निवासी ८६ वर्षका पूरुषको मिति २०७७/०३/२२ गते पाटन अस्पतालबाट कोभिड-१९ संक्रमित पुष्टी भएको साथै पाँचपोखरी थाङपाल गा.पा. वडा नं. ६ निवासी वर्ष ४५ का पुरुषलाई समेत मिति २०७७/०३/२२ गते पाटन अस्पतालमै कोरोना संक्रमण पुष्टी भएकोले निजहरु दुवै जना घरमा नै रहेको अवस्थामा विरामी भई अस्पताल लैजाँदा संक्रमण पुष्टी भएकोले निजहरुको घर छिमेक तथा सम्पर्कमा रहेका व्यक्तिहरुको Contact Tracing तुरुन्त गर्नु पर्ने भएकोले स्थानीय CICT सँग समन्वय गरी सम्पर्कमा रहेका स्थानहरु तथा खाडीचौरको सिन्धु सदावहार अस्पतालमा समेत उपचारका लागि लगिएकाले उल्लेखित स्थानहरुमा सक्रिय खोज पड्ताल गर्नका लागि एक समिति गठन गर्ने, पाँचपोखरी थाङपालमा मेलम्ची न.पा. मा रहेको CICT सँग समन्वय गरी सोही टिमलाई परिचालन गर्ने, बाह्रविसे क्षेत्रको लागि हाल तहाँको स्थानीय CICT संग समन्वय गरी सो टिमलाई सहजीकरण गर्न निम्न सदस्य रहेको एक समिति गठन गर्ने, भनी RTT को मिति २०७७/०३/२४ गतेको बैठकले गरेको निर्णयहरुलाई समर्थन गर्ने।

क) कार्यालय प्रमुख- श्री दुर्गादत्त चापागाई - स्वास्थ्य कार्यालय, चौतारा
ख) संयोजक - डा. निश्चल वोगटी - चौतारा अस्पताल
ग) तथ्याङ्क अधिकृत - कृष्णराज तिवारी - स्वास्थ्य कार्यालय, चौतारा

सूचना अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

४. मिति २०७७/०३/२२ र २३ गते बसेको सम्पर्क उप-समितिको बैठकले उप-समितिका पदाधिकारीहरुलाई स्वास्थ्य सुरक्षा सामग्री र काठमाण्डौमा रहेका सम्पर्क व्यक्तिलाई एक सेट PPE उपलब्ध गराइदिन निर्णय साथ अनुरोध गरेकाले निम्न बमोजिमका सामग्री DEOC मा रहेको स्टोरबाट स्वास्थ्य कार्यलय, चौताराले उपलब्ध गराउने ।

क) उप-समितिका पदाधिकारीहरुलाई १०० थान मेडिकल मास्क र १०० थान ग्लोव्स,
ख) काठमाण्डौमा रहने सम्पर्क व्यक्ति मदन गुरुङको लागि PPE १ थान ।

५. विभिन्न सरकारी कार्यालयहरु सञ्चालन हुन थालेका र सेवाग्राहीको आवागमनको कारणले कोरोना भाइरसको संक्रमण बढन सक्ने संभावना भएकाले यस अघि उपलब्ध नगरिएका र सेवा प्रवाहको कारणले आवश्यक पर्ने कार्यालयहरुलाई कर्मचारीको संख्याको आधारमा औचित्य हेरी बढीमा १०० थान मेडिकल मास्क DEOC मा रहेको मौज्दातबाट स्वास्थ्य कार्यालय, चौताराले उपलब्ध गराउने ।

६. विभिन्न सरकारी कार्यालयहरु सञ्चालन हुन थालेका र सेवाग्राहीको भिडभाडको कारणले कोभिड-१९ को संक्रमण फैलिन सक्ने भएको तथा कार्यालयहरुले प्रयाप्त सुरक्षा सतर्कता अपानाएको छ/छैन, सेवाग्राहीहरुको भिडभाड हुने कार्यालयहरुमा संक्रमण फैलिन नदिन के कस्ता सुरक्षाका उपायहरु अपनाइएका छन सो को अनुगमन गर्न निम्न बमोजिमको एक अनुगमन समिति गठन गर्नेः-

| | |
|---|---|
| क) प्र.जि.अ. श्री उमेश कुमार ढकाल - जिल्ला प्रशासन कार्यालय, सि.पा. | - संयोजक |
| ख) जि.स.अ. श्री महेन्द्रनाथ भट्टराई - जिल्ला समन्वय समिति, सि.पा. | - सह-संयोजक |
| ग) प्र.उ. श्री प्रज्वल महर्जन - जिल्ला प्रहरी कार्यालय, सि.पा. | - सदस्य |
| घ) व.ज.स्वा.अ. श्री दुर्गादत्त चपागाई - स्वास्थ्य कार्यालय, सि.पा. | - सदस्य |
| ङ) प्र.अ.अ. श्री अरुण कार्की - राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सि.पा. | - सदस्य |
| च) ई. श्री सन्तोष कुमार निरौला - आयोजना कार्यान्वयन इकाई(भवन) | - सदस्य |
| छ) अनुगमन गरिने स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |

७. गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा (राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र) को च.नं. ४४३ मिति २०७७/०३/२३ गतेको उच्च सतर्कता अपनाउने सम्बन्धि प्राप्त पत्रानुसार जल तथा मौसम विज्ञान विभागबाट २०७७/०३/२२ गते प्रकाशित विशेष मौसम बुलेटिन अनुरुप मनसुन न्यून चापीय रेखा नेपालको तराई भू-भाग नजिक रहने भएकोले अगामी असार २५ गतेबाट नेपालमा मनसुन थप सक्रिय हुने देखिएको र यसबाट नेपालका धेरैजसो ठाँउहरुमा लगातारको वर्षाको साथै तराईका केही र पहाडका कतिपय स्थानमा भारी वर्षा समेत हुन सक्ने संभावना रहेकोले बाढी, पहिरो तथा भू-क्षयको कारण सडक यातायात प्रभावित हुन सक्ने भएकोले मनसुनको पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ अनुरुप सबै सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरी विपद् जोखिम न्यूनीकरण कार्यमा उच्च सतर्कता अपनाउने र सो को बारेमा NEOC मा नियमित रिपोर्टिङ्ग गर्ने साथै सर्वसाधारणको जानकारीको लागि सूचना समेत जारी गर्ने ।

८. COVID-19 का सम्बन्धमा सूचना प्रकाशन तथा प्रसारण र रोग नियन्त्रण सम्बन्धमा सचेतना फैलाउने काम गरेकोमा नेपाल प्रत्रकार महासंघ, सिन्धुपाल्चोक शाखालाई विपद् व्यवस्थापनका लागि वागमती प्रदेश सरकारबाट प्राप्त रकमबाट रु. ५०,०००/- (अक्षेरेपी पचास हजार) उपलब्ध गराउने ।

मितिः २०७७।०३।२४

सुनिता खत्री
प्रशासकीय अधिकृत